## आ.व २०८२।०८३ को सातौं कार्यपालिका बैठक

आज मिति २०८२।०८।२६ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षतामा तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यस प्रकार छन् ।

| क्र.सं. | नाम थर | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री प्रकाश विष्ट | |
| २. | उपाध्यक्ष | श्री कमलापति चौधरी | |
| ३. | सदस्य (वडा नं. १ अध्यक्ष) | श्री गेमे खड्का | |
| ४. | सदस्य (वडा नं. २ अध्यक्ष) | श्री पहलवान चौधरी | |
| ५. | सदस्य (वडा नं.३ अध्यक्ष) | श्री उमेश अधिकारी | |
| ६. | सदस्य (वडा नं.४ अध्यक्ष) | श्री विर बहादुर चौधरी | |
| ७. | सदस्य (वडा नं. ५ अध्यक्ष) | श्री देव प्रसाद चौधरी | |
| ८. | सदस्य (वडा नं. ६ अध्यक्ष) | श्री दीपक कुमार चौधरी | |
| ९. | सदस्य (वडा नं. ७ अध्यक्ष) | श्री सिताराम चौधरी | |
| १०. | सदस्य (वडा नं.८ अध्यक्ष) | श्री चन्द्र बहादुर गुरुङ | |
| ११. | सदस्य (वडा नं. ९ अध्यक्ष) | श्री रिम बहादुर सुनारी मगर | |
| १२. | सदस्य | श्री पार्वती सुबेदी | |
| १३. | सदस्य | श्री चर्म्फा भुसाल | |
| १४. | सदस्य | श्री रण बहादुर पुजाली सार्की | |
| १५. | सदस्य | श्री गिता चौधरी | |
| १६. | सदस्य | श्री सावित्री चौधरी | |
| १७. | सदस्य | श्री संजिव परियार | |
| १८. | सदस्य सचिव | श्री देविराम पाठक | |
| **आमन्त्रित** | | | |
| १९. | श्री लेखन कठारी | व. लेखा अधिकृत | |
| २०. | श्री विकास ज्ञवाली | प्र. अधिकृत | |
| २१. | श्री अशोक बेल्बासे | इन्जिनियर | |
| २२. | श्री गिता चौधरी | सब इन्जिनियर | |

आ.व. २०८२।८३
बैठक नं. ७
मिति २०८२।०८।२६

**मिति २०८२।०८।२६ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु ।**

| **क्र. सं.** | **प्रस्तावको संक्षिप्त व्यहोरा** | **निर्णय हुनुपर्ने विषय** | **कैफियत** |
|---|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा | अघिल्लो कार्यपालिका बैठकको समिक्षा गर्ने । | |
| २ | फोहोरमैला व्यवस्थापन तथा स्रोत केन्द्रको आगलागि सम्बन्धमा । | अल्पकालिन र दिर्घकालिन व्यवस्थापनका लागि आवश्यक प्रवन्ध गर्ने । | |
| ३ | मेडिकल अधिकृतको विज्ञापन सम्बन्धमा | पदपूर्ति पकृया अगाडि बढाउने । | |
| ४ | खर्च अख्तियारी सम्बन्धमा | खर्च अख्तियारी प्रदान गर्ने । | |
| ५ | दोलाईखोलाको नदिजन्य पदार्थ उत्खनन् सम्बन्धमा | IEE को पकृया अगाडि बढाउने । | |
| ६ | MCA परियोजना सम्बन्धमा | आवश्यक समन्वय गर्ने । | |
| ७ | स्वच्छ उर्जा कार्यक्रम सम्बन्धमा | लागत साझेदारीका लागि रकम सुनिश्चित गर्ने । | |

प्रकाश विष्ट
अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मझुवा, देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

आ.व. २०८२।८३
बैठक नं. ७
मिति २०८२।०८।२६

**मिति २०८२।०८।२६ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु।**

**निर्णय नं.१** - यस अघिका कार्यपालिका बैठकका निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं.२** – राप्ती गापा २ पुण्यपुरस्थित फोहोरमैला व्यवस्थापन तथा स्रोत केन्द्रमा मिति २०८२/०८/२६ गते बिहान भएको आगलागि दुखदः र खेदजनक भएको ठहर गर्दै तत्कालका लागि देहाय बमोजिमका कार्य अघि बढाउने।

- प्राविधिक टोली परिचालन गरी क्षतिको आकलन गर्ने।
- पुण्यपुर स्थित आगलागि क्षति ग्रस्त फोहोरमैला व्यवस्थापन तथा स्रोत केन्द्र पुर्ण रुपमा तयार नहुदाँ सम्मको लागि हरेक वडाले आ-आफ्नो वडा भित्र उत्पन्न फोहोरमैला उचित तरिकाले घर घरमै व्यवस्थापन गर्न लगाउन आवश्यक व्यवस्था मिलाउने। यसका लागि टोलविकास संस्था, विभिन्न संघ संस्था र सरोकरवाला सँग छलफल, सम्पर्क, समन्वय र पैरवी गर्ने।
- आगलागीबाट जलेर नष्ट भएको काम नलाग्ने वस्तु र आगोको कारण क्षति भएको र पूनः प्रयोग गर्न नमिल्ने फोहोरमैलालाई फोहोरमैला व्यवस्थापन केन्द्र भन्दा पश्चिम दक्षिण अनुमानित ७०० मिटर दक्षिण तर्फ राप्ती नदी वगर ($27^0$49'27"N, $82^0$43'51"E) मा पहिले नै भएको खाडल (८३ मिटर लम्बाई, ११ मिटर औषत चौडाई, ३ मिटर औषत उचाई) मा राखी पुर्ने (विसर्जन गर्ने) व्यवस्था मिलाउने।
- आगलागिबाट नष्ट भएको फोहोरमैलाबाट टायल्स लगायतका सामग्री उत्पादन गर्ने मेशिन खरिद गरिदिने लगायतका अन्य पूर्वाधारमा आर्थिक सहयोग तथा बजेट विनियोजनका लागि प्रदेश सरकार सँग अनुरोध गर्ने।
- आगलागिको कारण पत्ता लगाई दोषीको पहिचान गरी दोषी उपर कानुनी कारवाही गर्न आवश्यक व्यवस्थाका लागि जिल्ला प्रशासन कार्यालय, दाङलाई पत्राचार गर्ने।

**निर्णय नं.३**- राप्ती आधारभूत अस्पतालबाट माग भई आए बमोजिम रिक्त रहेको २ जना मेडिकल अधिकृत पदको पदपूर्ति प्रकृया अगाडि बढाउने।

**निर्णय नं. ४** -राप्ती आधारभुत अस्पतालको राप्ती आधारभुत अस्पताल, राप्ती आधारभुत अस्पताल फार्मेसी, राप्ती आधारभुत अस्पताल एम्बुलेन्सको नाममा खाता रहेको र सो खाताहरुमा रहेका रकम प्रचलित कानुन अनुसार निकासा लिई खर्च गर्न गराउन र त्यस्तो खर्चको लेखा राख्ने र लेखापरिक्षण गराउने जिम्मेवारी आर्थिक कार्यविधि ऐन, सो अन्तरगत बनेका नियम तथा निर्देशिकाहरुमा व्यवस्थित प्रावधान बमोजिम गर्ने गरी अस्पतालका मेडिकल सुपरिटेन्डेन्टलाई अख्तियारी प्रदान गर्ने।

राप्ती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भालुबाङ, देउखुरी, दाङ लुम्बिनी प्रदेश, नेपाल

आ.व. २०८२।८३

बैठक नं. ७

मिति २०८२।०८।२६

**निर्णय नं. ५-** राप्ती गाउँपालिका वडा नं. ४, ५ , ६ र ८ मा रहेको दोलाईखोलाको बहाव क्षेत्रमा थुप्रिएको माटो, ग्राभेल, भस्कट तथा गेगरका कारण बर्षातको समयमा पानीको बहाव बढ्दा खोला नजिक बस्तीमा बाढी पसी ठुलो धनजनको क्षति पुऱ्याउने सम्भावना बढेकोले उक्त क्षेत्रमा उल्लेखित नदिजन्य पदार्थ उत्खनन् गरी जोखिम घटाउनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को पकृया तत्काल अगाडि बढाउने ।

**निर्णय नं.६-** मिति २०८२।०८।२६ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षतामा सम्पन्न राजनितिक दलसंग भएको छलफल/अन्तरकृया बैठकको निर्णय बमोजिम MCA परियोजना कार्यान्वयनका सन्दर्भमा एशियन हाईवेको मापदण्ड बमोजिम निर्माण गर्न आवश्यक पहल कदमीका लागि संघीय सरकारलाई ध्यानाकर्षण र दवाव दिन राप्ती गाउँपालिकाका अध्यक्षको नेतृत्वमा गाउँपालिका भित्र कृयाशिल राजनितिक दलबाट प्रतिनिधित्व गराई बढिमा १० जना सम्मको समूहमा काठमाडौ जाने र यसरी जाने पदाधिकारी/ राजनितिक दलका प्रतिनिधिहरुलाई गाउँपालिकाका अध्यक्षले प्राप्त गर्ने दैनिक भ्रमण भत्ता प्रतिदिन रु १८००/- का दरले उपलब्ध गराउने साथै काठमाडौ जाने र आउने प्रयोजनका लागि गाउँपालिकाको सवारी साधन उपलब्ध गराउने।

**निर्णय नं.७-** राप्ती गाउँपालिका र बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, ताहाचाल काठमाडौ वीच सम्झौता भए बमोजिम बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, राप्ती गाउँपालिका तथा उपभोक्ता वीचको लागत साझेदारीमा संचालित खाना पकाउने स्वच्छ उर्जा कार्यक्रम अन्तरगत उपलब्ध गराईने बायोग्यास प्लान्ट, विद्युतिय चुलो तथा सुधारिएको चुलोको लागि राप्ती गापाको आ व २०८२।८३ को स्विकृत वार्षिक कार्यक्रम विभिन्न संघसंस्था सँग लागत साझेदारीमा संचालन गर्नुपर्ने कार्यक्रम खर्च शिर्षकबाट रु ५ लाख विनियोजन गर्ने ।

प्रकाश विष्ट
अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरीया, देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल